दिप्रुङ चुइचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ
कोशी प्रदेश, नेपाल


प.स.२०८१/०८२ मितिः२०८१/०८/२६

सूचना न. 33 "हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा"

## कर्मचारीको तह वृद्दि सम्बन्धी सूचना

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०'को दफा २७ को उपदफा (१) बमोजिम तह वृद्दिका लागि योग्यता पुगेका दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरूमा स्थानीय सरकारी सेवामा कार्यरत स्थायी कर्मचारीहरूले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र तह वृद्दिका लागि तपसिल बमोजिमका आवश्यक कागजातहरू सहित यस गाउँ कार्यपालिकाको कार्यालय, याङसोलाटारमा निवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. तह वृद्दि सम्बन्धी दरखास्त फारम,
२. पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन फारम,
३. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा/तह कायम सम्बन्धी कागजातको प्रतिलिपि,
४. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
५. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,
६. अध्ययन बिदा/असाधारण बिदा/बेतलबी बिदा नलिएको सिफारिस पत्र,
७. पेशा सम्बन्धी आधिकारिक व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाण पत्रको प्रतिलिपि (आवश्यक हुने कर्मचारीहरूको हकमा मात्र),
८. कुनै विभागीय सजाय नपाएको र निलम्बनको निर्णय नभएको सिफारिस पत्र।

(पिएस्पी चाम्लिङ राई)
नि. प्रमुख प्रशासकीय अधिकृत


Website: www.diprungmun.gov.np
Email: ito.diprungmun@gmail.com
Facebook: http://www.facebook.com/diprung